**२०७४ साल कार्तिक ३० गते पेश गरिएका प्रस्तावनाहरुः**

१ नगरपालिकाका भवन विस्तार तथा ट्रस्ट निर्माण सम्वन्धमा ।
२ योजना कार्यान्वयन तथा ल.ई सम्वन्धमा ।

निर्णय नं. १ प्रस्तावना नं. १ माथी व्यापक छलफल गर्दा यस नगरपालिकामा प्रयाप्त कोठा तथा भौतिक पूर्वाधार समेत नभएको हुदा कार्यालयवाट सञ्चालन गरिने दैनिक प्रशासनिक, योजना तथा आर्थिक कार्यहरु सञ्चालन गर्न कठिनाई उत्पन्न भै कामकाजमा समेत व्यवधान उत्पन्न भएको हुदा नगरपालिकाको कामलाई व्यवस्थित गर्नका लागी तत्काल कार्यसञ्चालनका लागी प्राविधिक ल.ई. अनुसार कार्यालयको तला थप र ट्रस्ट निर्माण गरी कामकाज सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्तावना नं.२ माथी व्यापक छलफल गर्दा १० लाख सम्मका योजना कार्यान्वयनका लागी यस नगरपालिकका मौजुदा प्राविधिकवाट ल.ई. तयार गरी उपभोक्ता समितिवाट सञ्चालन गर्ने र सो भन्दा माथीका योजना कार्यान्वयनका लागी प्राविधिक ल.ई. तयार पार्न यस कार्यालयमा सूचिकृत भएका कन्सलटेन्सीहरु मध्येवाट नियमानुसार परामर्श गरी कार्यान्वयन गर्ने गराउने भनि निर्णय गरियो ।